# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## पुथा उत्तरगंगा गाउँपालिका
## रुकुम पूर्व




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं. २१३

मितिः २०७९।३।२४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
पुथा उत्तरगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुकुम पुर्व ।

**कैफियत सहितको राय**

हामीले पुथा उत्तरगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पुथा उत्तरगंगा गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ३ करोड १३ लाख १२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रमाण कागजात पेस गर्नुपर्ने रू २ करोड ६८ लाख ३९ हजार, नियमित गर्नुपर्ने रू.४४ लाख ७३ हजार रहेको छ । पालिकाको गतवर्ष ३० करोड ४३ लाख बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३३ करोड ५६ लाख १४ हजार रहेको छ । पुथा उत्तरगंगा गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. पुथा उत्तरगंगा गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

नारायण मरासिनी
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

पुथा उत्तरगंगा गाउँपालिका

## बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४९ | ५९ | ३१३१२ | ० | ० | ० | ४९ | ५९ | ३१३१२ | ० | ४४७३ | २६८३९ | ० | ० | ३१३१२ | ० |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुकुमपुर्व | ३०४३०२ | ० | ० | ३०४३०२ | ० | ३१३१२ | ३३५६१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पुथ उत्तरगँगा गाउँपालिका, रुकुमकोट , पुथ उत्टरगंगा गाउँपालिका , रुकुम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | श्री रविन्द्र बुढा क्षेत्री | २०७९-२-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री शिवराम खड्का | २०७९-२-२० | |
| | | **बेरुजु रकम** | ३१,३१२,१२० |

स्थानीय तह :


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ७८,२५,१५७.३८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३,३०,९०,५७८ | चालु खर्च | २६,४९,५९,०१९.५ |
| प्रदेश सरकारबाट अनुदान | ३,४२,११,००० | पूँजीगत खर्च | १३,५१,०३,१६१.९ |
| राजश्व बाँडफाँट | ७,४१,४३,९६६.१५ | वित्तीय/अन्य व्यवस्था | १३,१०,८८,२१२.९३ |
| आन्तरिक आय | ९३,३३,३०४.७२ | | |
| अन्य आय | ८,७५,४५,३७५ | | |
| कुल आय | ५३,८३,२४,२२३.८७ | कुल खर्च | ५३,११,५०,३९४.३३ |
| बाँकी मौज्दात | | १,४९,९८,९८७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पुथा उत्तरगंगा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पुथा उत्तरगंगा गाउँपालिकाको उद्देश्य रहेको छ । यस पुथा उत्तरगँगा गाउँपालिका अन्तर्गत १४ वडा, ७4 सभा सदस्य, ५६०.३४ वर्ग किलोमिटर क्षेत्रफल तथा 20371 जनसंख्या रहेको छ ।<br>**लेखापरीक्षणको क्रममा असूली**:- संघ तथा प्रदेशको सशर्त अनुदान बचत रकम फिर्ता गर्न बाँकी रु.3453519.27 र विभिन्न भुक्तानीमा कर कट्टा गरी दाखिला नगरेको पारीश्रमिक कर, अग्रिम कर, बहाल कर लगायतका विभिन्न कर रकम रु.256575.26 लेखापरीक्षणबाट औल्याएपछि बेरुजु खातामा दाखिला गरेको प्रमाण पेश भएको छ । | |
| २ | | | **वित्तीय विवरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा प्रकोप व्यवस्थापन र बैक मौज्दात रु.16985896.00 धरौटी मौज्दात रु.8128445.00 र कोष खाताको मौज्दात रु.2011930.00 समेत जम्मा रु.27126271.00 यो आर्थिक वर्षमा जिम्मेवारी सार्नुपर्नेमा गत वर्षको नगद मौज्दात संचितकोष एकम्ष्ट रु.7825157.38 र धरौटी अ.ल्या मौज्दात रु.8185065.00 समेत जम्मा रु.16010222.38 मात्र मौज्दात जिम्मेवारी सारेकोले रु.11116048.62 घटी जिम्मेवारी सारेको सम्बन्धमा छानविन गरी यकिन गर्नुपर्ने देखिएको रु. 11116048.62 | ११,११६,०४८.६२ |
| ४ | | | **बैक हिसाब मिलान नगरेको**<br>बैक हिसाब मिलान नगरेको: – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. 8725305.59 | ८,७२५,३०५.५९ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1 | आन्तरीक राजश्व खाता | 556266 | 556266 | 0 |
| 2 | बाँडफाँडबाट प्राप्त राजश्व खाता | 548328.17 | 548328.17 | 0 |
| 3 | चालु खर्च खाता | 37247332.03 | 38258738.03 | 1011406 |
| 4 | पुँजिगत खर्च खाता | 19463090 | 27176990.46 | 7713899.59 |
| 5 | स्थानिय सञ्चित कोष खाता | 773585.7 | 773585.7 | 0 |
| | जम्मा | 58588601.9 | 67313908.36 | 8725305.59 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **सुत्रमा इन्ट्रि नभएको खर्च**<br>कार्यालयबाट पेश भएको आय व्ययको विवरण अनुसार विविध कोष शिर्षकमा सुत्र प्रविष्ट नभएको खर्च रु.2896175.00 देखाएको छ । पालिकाले सबै खर्चहरु सुत्र सफ्टवेयरमा प्रविष्ट गरी लेखा राख्नुपर्नेमा इन्टरनेटको समस्याले सफ्टवेयर संचालनमा समस्या भई वडाको प्रशासनिक खर्च असार ३०गते भित्र खर्च प्रविष्ट गर्न नसकेकोले सुत्र वाहिरको खर्च जनाएको छ । सबै आर्थिक कारोबारहरु सुत्रमा राखी खर्च लेखाङ्कन गर्नु पर्दछ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म 8 ऐन, 4 नियमावली, 11 कार्यविधि समेत 23 कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ.टी.डि.एस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्ष भरीमा रु.95325881.00 खर्च लेखेको पाईयो ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **स्थानीय तहबाट संचालन गरिने कार्यक्रम**<br>स्थानीय तहबाट संचालन गरिने कार्यक्रम तथा स्थानीय तहले विभिन्न कार्य सम्पादनको लागि गरिने प्रशासनिक कार्यहरु सम्पादन गर्ने सन्दर्भमा देहाय अनुसार गरिनु पर्ने देखिएको छ \| | |
| ७.१ | | | स्थानीय तहबाट संचालन हुने आयोजनाहरुमा उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्ताहरुको भेला गराई समिति गठन हुने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 को उपनियम 12 बमोजिम उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न भएको योजना मर्मत संभार तथा रेखदेखको जिम्मेवारी सहित उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने तथा उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने योजनाहरुमा संचालन, मर्मतसम्भार तथा स्वामित्व हस्तान्तरण सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख गरि उपभोक्ता समितिहरुलाई अविच्छिन्न उत्तराधिकारी संस्थाको रुपमा दर्ता गर्ने व्यवस्था गर्ने तर्फ गाउँपालिकाले पहल गर्नुपर्ने देखिन्छ। | |
| ७.२ | | | उपभोक्ता समिति मार्फत हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानून विपरित हेभि इक्युपमेन्ट प्रयोग गरेको पाईयो। प्रतिस्पर्धा गराई ठेक्का मार्फत गर्नुपर्ने कतिपय कामहरु समेत उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 को उपनियम 11,12 र 13 (क) को पूर्ण पालना हुनुपर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.३ | | | सार्वजनिक निर्माण कार्यमा कार्य प्रकृति अनुसारको प्रयोगशाला परीक्षणबाट तोकिएको गुणस्तर प्राप्त गर्ने सम्बन्धमा सम्झौतामा नै स्पष्ट उल्लेख गर्ने तथा योजनाको फरफारक गर्दा प्रयोगशाला परीक्षण प्रतिवेदन तथा स्थलगत नापजाँच एवं गुणस्तरको मापन अनिवार्य संलग्न गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ। | |
| ७.४ | | | गाउँपालिकाले विभिन्न कामको प्रयोजनको लागि सवारी भाडामा लिएको देखियो। स्वीकृत दररेटको आधारमा निश्चित समयका लागि मात्र भाडामा लिनुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| ७.५ | | | राजश्व व्यवस्थापनको लागि तयार गरिएका स्वीकृत म.ले.प. फारामहरुको प्रयोग नगरेको एक आ.व.मा आम्दानी गरिएको रकमको एकिकृत विवरणहरु तयार नगरिएको वडागत तथा पालिकागत राजश्वलाई थप व्यवस्थित गर्नुपर्ने तथा जिन्सी व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाले आवश्यक पहल गर्नुपर्ने देखिन्छ। कार्यालयबाट आ.व.2077।078 मा गरिएका निर्माण कार्यहरुको Design Drawing तयार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेको Standard Bidding Document को आधारमा Bid Document तयार गर्नुपर्ने साथै निर्माणकार्यको लागत अनुमान तयार गर्दा विमा, ल्याव टेष्ट सम्बन्धी प्रावधानहरु समावेश गरी निर्माण कार्य गराउँनु पर्दछ । | |
| ८ | | | **स्थानीय तहबाट संचालन गरिने कार्यक्रम**<br>स्थानीय तहबाट संचालन गरिने कार्यक्रम तथा स्थानीय तहले विभिन्न कार्य सम्पादनको लागि गरिने प्रशासनिक कार्यहरु सम्पादन गर्ने सन्दर्भमा देहाय अनुसार गरिनु पर्ने देखिएको छ | | |
| ८.१ | | | उपभोक्ता समिति मार्फत हुने गरेका स्थानीय पूर्वाधार निर्माणमा कानून विपरित हेभि इक्युपमेन्ट प्रयोग गरेको पाईयो। प्रतिस्पर्धा गराई ठेक्का मार्फत गर्नुपर्ने कतिपय कामहरु समेत उपभोक्ता समितिमार्फत कार्य गराएको देखिएको हुँदा सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 को उपनियम 11,12 र 13 (क) को पूर्ण पालना हुनुपर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ८.२ | | | सार्वजनिक निर्माण कार्यमा कार्य प्रकृति अनुसारको प्रयोगशाला परीक्षणबाट तोकिएको गुणस्तर प्राप्त गर्ने सम्बन्धमा सम्झौतामा नै स्पष्ट उल्लेख गर्ने तथा योजनाको फरफारक गर्दा प्रयोगशाला परीक्षण प्रतिवेदन तथा स्थलगत नापजाँच एवं गुणस्तरको मापन अनिवार्य संलग्न गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८.३ | | | लक्षित वर्गका कार्यक्रमहरु संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रम सम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभुत तथ्याँक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा/ उपकरणहरुसहितको कार्यक्षेत्रगत शर्त (TOR) बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान स्वीकृत गर्नुपर्नेमा बजेटका आधारमा संस्था तथा गाउँपालिकास्तरीय विभिन्न सञ्जालहरु गठन गरी रकम भुक्तानी गर्नुको सट्टा पारदर्शी रुपमा संस्था छनौट गरी यसको न्युनिकरण गरी ऐन नियमको अधिनमा रहेर मात्र कार्यक्रमहरु संचालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ९ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री ओम कुमारी शाहीले २०७७।03।10 गते बजेट सभा समक्ष पेश गरेकोमा २०७७।03।30 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।04।07 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **क्षेत्रगत बजेट र खर्च**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट (रु.) | खर्च रकम(रु.) | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 36074540 | 2846822.69 | 78.89 |
| सामाजिक क्षेत्र | 218461000 | 184330062.9 | 84.38 |
| पूर्वाधार विकास क्षेत्र | 95408038 | 74582818.02 | 78.17 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 16330000 | 11738624 | 71.88 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 114830970 | 100229853.8 | 71.88 |
| जम्मा | 481104548 | 373728181.3 | 77.68 |

उल्लेखित विवरणको आधारमा कार्य संचालन तथा प्रशासनिक खर्चमा 71.88 प्रतिशत, पूर्वाधार विकास क्षेत्रमा 78.17 प्रतिशत, सामाजिक क्षेत्रमा 84.38 प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा 71.88 प्रतिशत र आर्थिक विकास क्षेत्रमा 78.89 प्रतिशत खर्च गरेबाट तुलनात्मक रुपमा सामाजिक क्षेत्र र आर्थिक विकास क्षेत्रमा बढी खर्च गरेको देखिन्छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खर्च बिश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. 6533304.00 राजस्व बाँडफाँड र अनुदानबाट रु.444245544.68 -समेत रु.4507778849.40 आम्दानी भएकोमा चालु तर्फ रु. 264159019.47 र पूँजिगत तर्फ रु. 135183161.85 समेत रु.399342182.32 खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा 0.7 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा अघिल्लो वर्षको समेत रु.1,70,00,000.00 खर्च भएको छ जुन आन्तरिक आयको 0.17 प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट रु.58.60 प्रतिशत चालु र 41.40 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**योजना र कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

<table>
<tr><th>क्र. सं.</th><th>विवरण</th><th>योजना संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>6</td><td>350000</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>99</td><td>32017770</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>41</td><td>3630000</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>25</td><td>52437268</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>1</td><td>13000000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>172</td><td>101435038</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप भएको 20 गरी कुल 20 विवाद दर्ता भएकोमा 20 वटै फछ्र्यौट भई बाँकी रहेको देखिदैन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **आन्तरिक लेखापरीक्षण**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७७।७८ को राजश्व बाँडफाँड र समानिकरणको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाले आन्तरिक लेखापरीक्षणको लागि आन्तरिक लेखापरीक्षण पदमा कर्मचारी नियुक्त गरेको छैन । आन्तरिक लेखापरीक्षण नभएको उचित देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १५ | | | **पदाधिकारी अन्य सुविधा**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।<br><br>लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.342000.00, टेलिफोन तथा मोवाइल रु.183500.00, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.161000.00, जनसम्पर्क विशेष कार्य सुविधा रु.272000.00, मर्मत सम्भारमा रु.10000.00, अतिथि सत्कारमा रु.71000.00, खानेपानी विजुली सरसफाईमा रु.10000.00 समेत रु.1039005.00 खर्च भुक्तानी गरेको देखियो ।<br><br>कार्यालयले उल्लिखित अनुसारको रु.1039005.00 भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उद्देश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत: उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>
नाफामूलक संस्थालाई अनुदान<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ। यस स्थानीय तहले यो वर्ष देहाय रेडियो जेभी त्रिवेणी नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.480000.00 अनुदान उपलब्ध गराएका छन्।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन।
<table>
<tr><th>सि.नं.</th><th>अनुदान पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम</th></tr>
<tr><td>1</td><td>रेडियो नेभी त्रिवेणी</td><td>एफ.एम संचालन</td><td>480000</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>480000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>
आन्तरिक आय<br>
गाउँपालिकाको आम्दानी प्रतिवेदन अनुसार अन्य राजश्व शर्षकमा रु.5117230.00 आम्दानी हुने अनुमान गरिएकोमा रु.4505570.72 आम्दानी गरेको देखिन्छ । आम्दानीका अन्य स्रोतहरु पहिचान गरि आन्तरिक आम्दानी बढाउनु पर्ने दखिन्छ।
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
कर तथा शुल्क असुली<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **उपभोक्ता समिति दर्ता**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न 172 उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु.101435038.00 भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>

**डी.पी.आर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>Detail Fesibility study of ralkhola hydropower project</td><td>Ksm Engeniaring cosultancy</td><td>690000</td><td>680840</td><td>16119231</td></tr>
<tr><td>Kanstarakhola Rural Road DPR</td><td>Rural Engeniaring cosultancy</td><td>190602</td><td>188000</td><td>259575690.6</td></tr>
<tr><td>Apple carden take DPR</td><td>procus Engeniaring Service</td><td>496000</td><td>489400</td><td>49550004</td></tr>
<tr><td>15 Bedded hospital DPR</td><td>BRS Engeniaring solution</td><td>1780000</td><td>1756370</td><td>192783849</td></tr>
<tr><td>जम्मा:</td><td></td><td></td><td></td><td></td></tr>
</table>

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 44 वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">विद्यालयको नाम</th><th colspan="2">शिक्षक दरवन्दी</th><th colspan="2">पदपूर्ति</th><th colspan="2">पदपूर्ति मध्ये</th><th>जम्मा</th><th rowspan="2">विद्यार्थी संख्या</th><th rowspan="2">शिक्षक विद्यार्थी अनुपात</th></tr>
<tr><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्वीकृत | राहत | स्वीकृत | राहत | करार | राहत | दरबन्दी | | | |
| | | | 1 | श्री आदर्श आ.वि. डिमुरगैरा | १ | २ | १ | २ | 0 | २ | ३ | ३८ | १ : १२.६६ | |
| | | | 2 | श्री जनज्योति मा.वि. जाङ | ३ | ० | २ | ० | १ | ० | ३ | 226 | १ : ७५.३३ | |
| | | | 3 | श्री नेपाल राष्टिय आ.वि.काजरजङ | २ | ० | ० | २ | २ | ० | २ | 52 | १ : २६ | |
| | | | 4 | श्री जनजागृति आ .वि.मयाङ | २ | १ | २ | १ | ० | १ | ३ | 216 | १ : ७२ | |
| | | | 5 | श्री आ .वि. फुलबाङ | ० | ० | ० | ० | ० | ० | ० | 18 | | |
| | | | 6 | श्री आ .वि. गर | ३ | ० | २ | ० | १ | ० | 3 | 80 | १ : २६.६६ | |
| | | | 7 | श्री आदर्श मा.वि. खारावाङ | ४ | २ | ३ | २ | १ | २ | ६ | 286 | १ : ४७.६६ | |
| | | | 8 | श्री वालविकास आ.वि.पुनमचौतरा | १ | २ | १ | २ | ० | २ | ३ | 68 | १ : २२.६६ | |
| | | | 9 | श्री डिग्रे आधारभूत विद्यालय पानीचौर | ० | ० | ० | ० | ० | ० | ० | 53 | | |
| | | | 10 | श्री जनसहयोग मा.वि.रीवाङ्चौर | ६ | ३ | ५ | ३ | १ | ३ | ९ | 328 | १ : ३६.४४ | |
| | | | 11 | श्री सानोभेरि आ.वि.खारखोला | २ | १ | २ | १ | ० | १ | ३ | 105 | १ : ३५ | |
| | | | 12 | श्री वालकल्याण आ.वि.उर्जयाङ | ० | ० | ० | ० | ० | ० | ० | 83 | | |
| | | | 13 | श्री हिमालय आ.वि. ओख्मा | ३ | ० | ० | ० | ३ | ० | ३ | 160 | १ : ५३.३३ | |
| | | | 14 | श्री जनसेवा आ.वि.गोलखाडा | २ | ० | ० | ० | २ | ० | २ | 47 | १ : २३.५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 15 | श्री आ.वि. पदमि | ३ | ० | १ | ० | २ | ० | ३ | 17 | १ : ५.६६ | |
| | | | 16 | श्री पहाडि आ.वि.छमारी | ० | २ | ० | २ | ० | २ | २ | 20 | १ : १० | |
| | | | 17 | श्री सिद्धमण्डली मा.वि. राङ्सि | ४ | ६ | ४ | ६ | ० | ४ | १० | 377 | १ : ३७.७ | |
| | | | 18 | श्री आधारभूत विद्यालय रन्मामैकोट | ३ | १ | २ | १ | १ | २ | ४ | 162 | १ : ४०.५ | |
| | | | 19 | श्री हिमालय आ.वि. पेल्मा | ३ | ० | ० | ० | ३ | ० | ३ | 139 | १: ४६.३३ | |
| | | | 20 | श्री पवर्त मा.वि. कोल | १२ | २ | १० | १ | १ | १ | १२ | 387 | १ : ३२.२५ | |
| | | | 21 | श्री देउराली मा .वि. हुकाम | ३ | ४ | २ | ४ | १ | ४ | ७ | 384 | १ : ५४.८५ | |
| | | | 22 | श्री सुन्दर आ.वि. बिर्गुम | ० | ० | ० | ० | ० | ० | ० | 34 | | |
| | | | 23 | श्री ज्योती आ.वि. फल्नै | ३ | १ | २ | १ | १ | १ | ४ | 19 | १ : ४.७५ | |
| | | | 24 | श्री दुर्गा आ.वि.गर्खानि | १ | १ | १ | १ | ० | १ | २ | 37 | १ : १८.५ | |
| | | | 25 | श्री जनज्योती आ.वि.घुन्माखोला | १ | २ | ० | २ | १ | २ | ३ | 68 | १ : २.६६ | |
| | | | 26 | श्री तातापानी आ.वि. गुइवाङ | ० | ३ | ० | २ | ० | २ | २ | 30 | १ : १५ | |
| | | | 27 | श्री जनप्रिय आ.वि.घुम्लीवाङ | ३ | ० | ० | ३ | ० | ३ | ३ | 85 | १ : २८.३३ | |
| | | | 28 | श्री जनता आ.वि.पुषरगाउँ | ३ | ० | १ | ० | २ | ० | ३ | 52 | १ : १७.३३ | |
| | | | 29 | | | | | | | | | 40 | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | श्री बालकल्याण आ.वि. तिज्याङ | २ | ० | ० | २ | ० | २ | २ | | १ : २० | | |
| | | | | 30 | श्री दशरत आ.वि.तुँपा | १ | १ | ० | १ | १ | १ | २ | 51 | १ : २५.५ | | |
| | | | | 31 | श्री हिमालय जनजागृती आ.वि. बाच्छीगाउँ | १ | १ | १ | १ | ० | १ | २ | 133 | १ : ६६.५ | | |
| | | | | 32 | श्री उत्तरगंगा आ.वि. सेरावालुवा | ४ | २ | ३ | २ | १ | २ | ६ | 118 | १ : १९.६६ | | |
| | | | | 33 | श्री पुथा हिमालय मा.वि. मैकोट | ५ | ७ | १ | ७ | ४ | ६ | ११ | 432 | १ : ३९.२७ | | |
| | | | | 34 | श्री जनता आ.वि. तल्लोसेरा | ० | २ | ० | २ | ० | २ | २ | 27 | १ : १३.५ | | |
| | | | | 35 | श्री जनजागृति आ .वि पिपलटुङ | ० | ० | ० | ० | ० | ० | ० | 53 | | | |
| | | | | 36 | श्री आधारभूत विद्यालय अर्जल | ३ | १ | १ | १ | २ | १ | ३ | 118 | १ : ३९.३३ | | |
| | | | | 37 | श्री आधारभूत विद्यालय नाखा | ३ | ० | ० | ० | ३ | ० | ३ | 102 | १ : ३४ | | |
| | | | | 38 | श्री महेन्द्र मा.वि.तकसेरा | १३ | ० | ७ | ० | ४ | ० | १२ | 460 | १ : ३८.३३ | | |
| | | | | 39 | श्री बालकल्याण आ.वि. घरेलिटाकुरा गुङ | ० | २ | ० | २ | ० | २ | २ | 66 | १ : ३३ | | |
| | | | | 40 | श्री लालपाटन आ.वि.चुमा | ० | ० | ० | ० | ० | ० | ० | 55 | | | |
| | | | | 41 | श्री नेपाल राष्टिय आ.वि. घुर्वाङ | ० | २ | ० | २ | ० | २ | २ | 32 | १ : १६ | | |
| | | | | 42 | श्री जनजागृति आ.वि. दमच्न | ० | ० | ० | ० | ० | ० | ० | 50 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 43 | श्री आ.वि. हार्दिवाङ | २ | १ | १ | १ | ० | १ | २ | 41 | १ : २०.५ |
| | | | | | | | | | | |
| 44 | श्री वालकल्याण आ.वि.काँडा | ० | ० | ० | ० | ० | ० | ० | 44 | |
| | | 102 | 52 | 55 | 57 | 38 | 53 | 144 | 5393 | १ : ३७.१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा 14= निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 192 जनालाई रोजगारी उपलव्ध गराई रु.6891000.00खर्च गरेको छ । लक्षित वर्गलाई 52 दिनदेखि 92 दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| २३ | | | **सामाजिक सुरक्षातर्फ**<br>यसमा निम्नानुसार व्यहोराहरु देखिएका छन्:- | |
| २३.१ | | | **एम.आइ.एस प्रणालिमा प्रतिवेदनः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३०मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसुची -6 बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसुची १२ बमोझिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । तर कार्यालयको कार्यविधिमा भएको व्यवस्थानुसार एम.आइ.एस. प्रणालीमा प्रतिवेदन गरेको देखिएन । अत: कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | | | **पारदर्शिताः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका सञ्चार माध्यमहरूबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । | |
| २३.३ | | | **भत्ता वितरणको अनुगमनः-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा 27 मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, गाउँ कार्यपालिकाका अध्यक्षले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उक्त कार्य गरेको देखिएन । अत: कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| २४ | | | **सामाजिक सुरक्षातर्फ**<br>यसमा निम्नानुसार व्यहोराहरु देखिएका छन्:- | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
| विद्यार्थीको नाम | अध्ययनरत संस्था | संकाय | भुक्तानी रकम रु. |
|---|---|---|---|
| सुश्री मिलन घर्तिमगर | नेशनल मेडिकल कलेज विरगञ्ज | एम.वि.वि.एस | 739337.5 |
| श्री नविन घर्तिमगर | इन्जिनियरिङ कलेज भक्तपुर | सिभिल इन्जिनियर | 157290 |
| | जम्मा | | 896627.5 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **मेशिन भाडा**<br>गाउँपालिकाले वकेट व्रेकर जस्ता मेशिन भाडामा दिइ उपबरणहरु प्रयोगकर्ता लाई भाडामा दिइ निश्चित घण्टा/दिनको आधारमा भाडा प्राप्त गर्ने गरेको छ । कार्यालयबाट प्राप्त विवरणको आधारमा निम्नानुसार मितिमा बकेट व्रेकर भाडामा दिने गरी सम्झौता गरेकोमा रकम प्राप्त गरेको नदेखिएकोले सम्झौता बमोजिम भाडा असूल गर्नुपर्ने रु. 3406800.00 | |

| सि.नं | सम्झौता मिति | सम्झौता गर्नेको नाम | सम्झौता/ भाडा रकम |
|---|---|---|---|
| 1 | 2077।04।11 | कोशी एण्ड न्यौपाने निर्माण सेवा प्रा.लि.का प्रतिनिधि राजु नगरकोटी | 726000 |
| 2 | 2077।01।01 | मगर खाम कन्ट्रक्सन | 494700 |
| 3 | 2077।09।07 | मगर खाम कन्ट्रक्सन | 996800 |
| 4 | 2077।12।12 | चन्द्र बुढा | 460000 |
| 5 | 2078।02।05 | मन बहादुर कामी | 550200 |
| 6 | 2078।03।11 | बलमान बुढा | 126600 |
| 7 | | चन्द्र बुढा | 52500 |
| | | जम्मा | 3406800 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५४ | | | **विल विजक भन्दा बढी भुक्तानी**<br>विल विजक भन्दा बढी भुक्तानी 05-2077।11।09 बाट झोलुङ्गे पुलको स्टिल पार्टसको सूचना प्रकाशन गरेवापत ग्लोवल मिडिया सर्भिस प्रा.लि लाई रु.121091.00 भुक्तानी गरेको छ । संलग्न विल भर्पाइमा काँसतारा खारखोला सडक निर्माणको लागी सूचना निकालेकोमा स्टार मिडिया सर्भिस प्रा.लि ले रु.103934.00 को विजक नं ६ मिति २०७७।10।25 को विजक पेश गरेको छ । सम्बन्धित विल विजकको आधारमा रकम खर्च गर्नुपर्नेमा स्टार मिडियाको विल संलग्न गरी ग्लोवल मिडिया प्रा.लि लाई भुक्तानी गर्नु अनियमित भुक्तानी हुनाको साथै विल भर्पाई भन्दा रु.17357.00 बढी भुक्तानी गरेको रकम सम्बन्धित लेखापाल तथा कार्यालय प्रमुखलाई समेत जिम्मेवार बनाइ असूल हुनुपर्ने रु. 17350.00 | |
| ५४.१ | | | 10-2078।01।07 बाट आ.व 2077।078 मा स्वीकृत झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत हिम अप्सीपा झोलुङ्गे पुल निर्माण योजनाको लागी रु.4647949.33 को लागत अनुमान भै उपभोक्ता समितिले २ प्रतिशत अर्थात रु.92958.99 व्यहोर्ने गरी लागत अनुमान स्वीकृत छ । उक्त झोलुङ्गे पुल निर्माणको प्रथम रनिङ विल अनुसार 156 वोरा सिमेन्ट खरिद गरी प्राविधिक विल पेश गरी प्रथम रनिङ विल वापत रु.2173663.10 भुक्तानी गरेको छ। प्राविधिक नापी किताव अनुसार १५६ व्याग सिमेन्ट खपत भएको भनि रु.123396.00 सिमेन्ट खरिद खर्च देखाएकोमा १३८ वोरा सिमेन्ट खरिद गरेकोले १८ वोरा सिमेन्टको रु.14238.00 र सोको ढुवानी प्रति के.जी रु.11.13 ले हुने रु.10017.00 समेत रु.24255.00 हिम अप्सीपा झोलुङ्गे पुल उपभोक्ता समिति सँग असूल गर्नुपर्नाको साथै घटी सिमेन्ट प्रयोगको कारणले कार्यको गुणस्तर समेत न्यून हुने तर्फ कार्यालयको ध्यान जानुपर्ने रु. 24255.00 | |
| ५४.२ | | | 11-2078।01।07 बाट गुरघाट झोलुङ्गे पुल उपभोक्ता समिति सँग रु.5623906.35 को लागत अनुमानमा रु.112478.13 जनश्रमदान वापत व्यहोर्ने गरी कार्य भएकोमा प्रथम रनिङ विल वापत रु.2087285.00 भुक्तानी गरेकोमा प्राविधिक विल अनुसार १८९ वोरा सिमेन्ट खरिद देखाएकोमा उपभोक्ताले १७८ वोरा मात्र खरिद विल पेश गरेको छ । ११ वोरा बढी नापी देखाइ भुक्तानी भएको रु.8701 र सिमेन्ट ढुवानी प्रति के.जी 11.13 दर रु.6121.50 के.जी समेत रु.14822.50 सम्बन्धित उपभोक्ताबाट असूल गर्नुपर्ने साथै घटि सिमेन्ट प्रयोगले हुने गुणस्तरीय प्रभाव मूल्याङ्कन हुनुपर्ने रु 14822.50 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **जनश्रमदान नहुने काममा उपभोक्ता समिति**<br>45-2078।03।22 बाट वडा नं ८ मा भैसेखोला लम्पू जलविद्युत उपभोक्ता समितिलाई रु.400000.00 भुक्तानी गरेकोमा निम्नानुसारका सप्लायर्सबाट सामन खरिद गरेको देखियो । जनश्रमदानबाट योगदान हुने कार्यमा उपभोक्ता समिति गठन गरि कार्य गराउनुपर्ने भएतापनि उपभोक्ताको योगदान नरहने एवं सामान मात्र खरिद गर्ने कार्यमा समेत उपभोक्ता समिति गठन गरी सोही समिति मार्फत सामान खरिद गर्नु नियमित नदेखिएको रु. 387465.00 | ३८७,४६५ |

| गो.भौ.नं र मिति | विवरण | रकम (रु.) | कैफियत |
|---|---|---|---|
| 45-2078।03।22 | फेडरल इन्भेष्टमेन्ट प्रा.लि | 315044 | विभिन्न विजुलिका सामान खरिद |
| | ओशिन पावर सर्भिस प्रा.लि. | 72421.7 | ट्रान्सफरमर लगायतका सामान खरिद |
| | जम्मा | 387465.7 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **सामान मौज्दात**<br>10-2077।11।26 बाट मूख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्य्रक्रम अन्तर्गत विभिन्न कृषि सामग्री तथा कम्वाइन्ड राइस मिल किसान एग्रो सोलुसन प्रा.लि ललितपुरबाट निम्नानुसार सामान खरिद गरी रु.1076000.00 खर्च गरेकोमा ति सामानहरु कृषक समूहलाई हालसम्म नबुझाइ स्टोरमा मौज्दात राखेको देखियो । ती सामानहरु किसानलाई वितरण गरी बजेट खर्चको प्रतिफल सुनिश्चित गरिनुपर्ने रु. 1076000.00 | १,०७६,००० |

| विवरण | रकम (रु.) |
|---|---|
| Combined Rice Mill 8set @ 61000 | 488000 |
| Corn Threshing Machine 28 set @ 21000 | 588000 |
| जम्मा | 1076000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५७ | | | **खाद्यान्न ढुवानी**<br>गो.भौ.नं. र मिति 159-2077।01।23 वाट गाउँ कार्यपालिकाको निर्णयानुसार विपद व्यवस्थापन कोषमा रु.2500000.00 विनियोजन गरेको देखिएकोमा उक्त रकमबाट गाउँपालिकाको गाडी नजाने वडा नं 1 देखि 9 सम्ममा खाद्यान्न ढुवानीको लागी रकमान्तर गरी रु.1200000.00 बजेट व्यवस्था गरि चामल ढुवानी वापत खर्च लेखेको छ । गाउँपालिकाको आफ्नो आन्तरिक श्रोत नभएको वा ज्यादै न्यून भएको अवस्थामा पूर्वाधार तथा अन्य शैक्षिक आर्थिक गतिविधि बढाउने, स्थानिय रोजगारी सिर्जना हुने जस्ता कार्यक्रममा खर्च गर्नुपर्नेमा १४ वटा वडा रहेका गा.पा. मा ९ वटा वडालाई लाभान्वित हुने गरी कार्यक्रम संचालन गर्ने गरी कार्यपालिकाले रकमान्तर गरी बजेट खर्च गर्नु उपर्युक्त नदिएकोले यस्ता प्रकारका कार्यक्रम कार्यान्वियन गर्दा समानुपातिक हिसाबले लाभान्वित हुने गरी कार्यक्रम संचालन गरिनु पर्दछ । | |
| ५८ | | | **आधार वेगर गाडी रिजर्व**<br>175-2078।02।03 बाट मूख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमका जिल्ला कार्यक्रम सहजकर्ता लिलामणि गौतम मिति 2078।01।21 देखि 2078।01।27 सम्म काठमाडौ गए वापत रु.35900.00 भुक्तानी गरेको देखिन्छ। मिति 2078।01।21 कोभिड बन्दको वेलामा जानुपर्नाको कारण पेश नहुनाको साथै गाडी रिजर्भ गरि गएकोमा भ्रमण प्रतिवेदन समेत पेश नभएकोले मितव्ययी खर्च सिद्धान्त विपरित अनियमित खर्च गरेको देखिएको रु. 35900.00 | ३५,९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **दोहोरो पदाधिकारी सुविधा**<br>स्थानिय तहका पदाधिकारी तथा सदस्यहरको सुविधा सम्बन्धि ऐन, 2076 बमोजिम पदाधिकारीहरुलाई तोकिएको सुविधा दिन सकिने व्यवस्था छ । गो.भौ.नं. र मिति 188-2078।02।17 बाट गाउँपालिकाका पदाधिकारीहरु कार्यपालिका सदस्यहरु र गाउँसभा सदस्यहरुको मिति 2077 कार्तिक देखि चैत्र सम्मको सेवा सुविधा वितरण वापत रु.5040000.00 बजेट खर्च गरेको छ । सो मध्ये निम्नानुसार पदाधिकारीहरुलाई दोहोरो भुक्तानी गरेकोले असूल गर्नुपर्ने रु. 298980.00 | |

| पदाधिकारीको नाम | यस भौचरबाट भुक्तानी (रु.) | यस भन्दा अगाडी भुक्तानी | दोहोरो परेको रकम (रु.) | खुद असुल गर्नुपर्ने रु सा.सु.कर बाहेक(रु.) |
|---|---|---|---|---|
| कार्यपालिका सदस्य लहरी बुढा | 102000 | भौ.नं 110 मिति 2077।12।08 बाट मंसिर देखि फागुन सम्म | 68000 | 67320 |
| १ नं वडा अध्यक्ष श्री मकर बहादुर गुरुङ | 78000 | भौ.नं 51 मिति 2077।10।08 बाट कार्तिक देखि पौष सम्म | 78000 | 77220 |
| ८ नं वडा अध्यक्ष श्री भिम बहादुर मल्ल | 78000 | भौ.नं 80 मिति 2077।10।26 बाट कार्तिक देखि पौष सम्म | 78000 | 77220 |
| कार्यपालिका सदस्य जिताराम कामी | 78000 | भौ.नं 80 मिति 2077।10।26 बाट कार्तिक देखि पौष सम्म | 78000 | 77220 |
| जम्मा | 336000 | जम्मा | 302000 | 298980 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **मूख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम**<br>224-2078।03।14 बाट मूख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रमका जिल्ला कार्यक्रम सहजकार्ता लिलामणि गौतमलाई मिति 2078।02।17 देखि 2078।02।23 सम्म स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा स्वास्थ्य सामग्री माग गर्ने भनि मिति 2078।02।17 मा भ्रमण आदेश स्वीकृत गरेको देखिन्छ । निजले पेश गरेको भ्रमण विल अनुसार रु.30000.00 भुक्तानी गरेकोमा निम्न व्यहोरा छन् ।<br>:<br>क) रुकुमकोटबाट काठमाडौ मिति 2078।02।17 र मिति 2078।02।23 मा काठमाडौ रुकुमकोट गएको भनि रु.18000.00 भ्रमण खर्च भुक्तानी गरेकोमा गाडी रिर्जभ गरी इधनको विल पेश गरेको देखिन्छ । कार्यालयले माइल मिटर खुलाई प्रमाणित गरेको लगवुक नदेखिएकोले सार्वजनिक यातायातको लागेको भाडा खर्च दिइ अन्य रकम असुल गर्नुपर्ने रु.18000.00 | |
| ६१ | | | **अतिथी सत्कार खर्च शिर्षक**<br>226-2078।03।14 बाट अतिथी सत्कार खर्च शिर्षकमा रु.60000.00 खर्च लेखि जिल्ला कार्यक्रम सहजकर्ता श्री लिलामणी गौतमलाई भुक्तानी गरेको छ । मल्ल होटल एण्ड लज सिस्ने रुकुम पूर्व को प्यान विल नं 588, 584 586 वाट कोठा तथा खाना वापत ४५ कोठा र ६० खाना वापत होटल प्रोप्राइटर प्रेमा शाह को मिति 2078।03।14 को निवेदन दिएको देखिन्छ । होटल मालिकलाई भुक्तानी नगरी एवं उपस्थित अतिथिको अनुगमन प्रमाणित हुने उपस्थिति विवरण समेत कार्यालय प्रमुखबाट प्रमाणित नगरी होटल संचालक भन्दा फरक व्यक्तिलाई भुक्तानी गरको रकमको विश्वसनियता नदेखिएको साथै निजले होटल वुक गरी खाना खर्च खुवाउनु पर्नाको कारण एवं औचित्य नरहेकोले उक्त खर्चको आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. 6000.00 | ६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **विउ तथा औषधि वितरण**<br>250-2078।03।18 बाट वार्षिक स्वीकृत कार्यक्रम अनुसार विउ विजन खरिद कार्यक्रमबाट कृषकलाई विउ विजन खरिद वापत निम्नानुसार खरिद गरेकोमा औषधि तथा विउ सम्बन्धित कृषक समह वा कृषकलाई बुझाएको प्रमाणित विल भर्पाई पेश नगरेकोले उक्त विउ खरिद गर्ने कृषि प्राविधिक श्री विनिता पुन मगरलाई भुक्तानी गरेकोमा वितरण प्रमाण पेश हुनुपर्ने रु. 150000.00 | १५०,००० |

| सप्लायर्सको नाम | विवरण | रकम (रु.) |
|---|---|---|
| ओली एग्रोभेट एण्ड सप्लायर्स सिस्ने | काउली ५० ग्राम, बन्दागोपी ५० ग्राम, टमाटर 50 ग्राम, | 97500 |
| जेनिस एग्रोभेट सेन्टर सिस्ने | मिनिकिट, धनिया, सिमि, रायो, काक्रो, बोडी | 24000 |
| जेनिस एग्रोभेट सेन्टर सिस्ने | विउ औषधि सिकेचर काँकोर | 14000 |
| रु.१ लाख ५० हजार को सामान | ढुवानी | 15000 |
| | जम्मा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **अन्य कार्यालयको दायित्व**<br>281-2078।03।25 बाट १२ नं वडा कार्यालययको मिति 2078।03।24 को पत्रानुसार गाउँपालिका वडा नं १२ मा रहेको अस्थाई प्रहरी पोष्ट कोलको आ.व 2077।078 को श्रावण देखि असार मसान्त सम्मको घरभाडा रु.84000.00 भुक्तानी गरिदिने पत्र र घरधनि प्रेम कुमार गुरुङ सँग भएको सम्झौताको आधारमा घरभाडा वापत खर्च गरेको देखिन्छ । प्रहरी कार्यालयको पत्र पेश नभएको अवस्थामा अन्य कार्यालयको दायित्व गाउँपालिकाले व्यहोरेको नियमित नभएको रु. 84000.00 | ८४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **लोक साँस्कृतिक कार्यालय व्यवस्थापन**<br>296-2078।03।26 बाट ५ नं.वडा कार्यालय हुकामको सिफारिस पत्रानुसार लोक साँस्कृतिक कार्यालय व्यवस्थापन वापत रु.100000.00 खर्च गरेकोदेखिन्छ । प्राविधिक इष्टिमेट एवं मूल्याकन वेगर काठको काम गराएको ग्रील रँगरोगन वापत भनि ठाडो भर्पाइको आधारमा खर्च गरेकोले प्राविधिक मूल्याङ्कन गरी खर्च यकिन गर्नुपर्ने रु 100000.00 | १००,००० |
| ६५ | | | **जेष्ठ नागरिक तथा अपाङ्ग सम्मान कार्यक्रम**<br>285-2078।03।26 बाट १२ नं. वडा कार्यालयको पत्रानुसार जेष्ठ नागरिक तथा अपाङ्ग सम्मान कार्यक्रमको लागी रु.200000.00 खर्च लेखेको छ । नुरसबा सप्लाःयर्सको नेपाली सिरक ६० पिसको रु.119938.00 र ढुवानी समेत रु.120000.00 को जिन्सी सामान वितरण गरेको र विभिन्न १२ जनालाई जिन्सी साथ साथै रु.10000.00 र 5000.00 नगदै समेत दिइएक भर्पाई गराएकोले ६० जना मध्ये १२ जनालाई रु.80000.00 थप नगद दिनुपर्नाको कारण मनासिव नभएकोले उक्त नगद रकम वितरण गर्नेबाट असूल हुनुपर्ने रु. 80000.00 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **विद्यालयमा निकासा गर्नुपर्ने रकम वडा अध्यक्ष मार्फत खर्च**<br>गो.भौ.नं. र मिति 286-2078।03।26 निम्नानुसार विद्यालयहरुलाई शैक्षिक सहयोग कार्यक्रम अन्तर्गत १२ नं वडा कार्यालयको पत्रानुसार निम्न विद्यालयहरुलाई रकम दिने वडा स्तरिय निर्णयको आधारमा गाउँपालिकाले वडा अध्यक्ष गंगा बहादुर पुनलाई रु.150000.00 भुक्तानी गरेको छ । कार्यालयले सिधै विद्यालयको खातामा जम्मा नगरी वडा अध्यक्षलाई भुक्तानी दिनु नियमित नहुनाको साथै विद्यालयले गरिव जेहेन्दार र अति विपन्न विद्यार्थीलाई प्रोत्साहन गर्ने कार्यक्रमको उद्देश्य भएकोमा विद्यालयले उक्त कार्यक्रममा खर्च गरेको प्रमाण पेश हुनुपर्ने रु 150000.00 | १५०,००० |

| सि.नं | विद्यालयको नाम | रकम (रु.) |
|---|---|---|
| 1 | श्री पर्वत माध्यामिक विद्यालय, कोल | 50000 |
| 2 | श्री दुर्गा आधारभूत विद्यालय , गर्खानी | 50000 |
| 3 | श्री जनसेवा आधारभूत विद्यालय, गोलखाडा | 50000 |
| | जम्मा | 150000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **जेष्ठ नागरिक सम्मान कार्यक्रम**<br>गाउँपालिकाको सामाजिक सेवा कार्यक्रम अन्तर्गत गाउँपालिकाका विभिन्न वडाका जेष्ठ नागरिक हरुलाई सम्मान गरे वापत रु.1570000.00 खर्च गरेको देखिन्छ । भौतिक पूर्वाधार निर्माण, शिक्षा स्वास्थ्यको गुणस्तरीय विकासको लागी खर्च गर्नुपर्ने रकम सम्मान कार्यक्रम जस्ता अनुत्पादक कार्यमा खर्च गर्ने गरी कार्यक्रम तर्जुमा गरिनु, कार्यपालिका तथा वडा स्तरिय निर्णयबाट यस प्रकारको खर्च गर्ने गरी निर्णय हुनु उपयुक्त नदेखिएकोले यस्ता खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

| गो.भौ.नं र मिति | विवरण | खर्च रकम (रु.) |
|---|---|---|
| 293-078।03।26 | वडा नं ११ मा ६८ जनालाई न्यानो कपडा र कासको थाल वितरण | 350000 |
| 297-078।03।26 | वडा नं. ४, जेष्ठ नागरिकलाई एक/एक थान काँसको थाल वितरण | 200000 |
| 300-078।03।27 | वडा नं. 1४, जेष्ठ नागरिकलाई एक/एक थान फाइवर सिरक जम्मा ४५ थान वितरण | 100000 |
| 304-078।03।27 | वडा नं. 1४, जेष्ठ नागरिकलाई एक/एक थान फाइवर सिरक जम्मा 80 थान वितरण | 200000 |
| 333-078।03।30 | वडा नं. 10, जेष्ठ नागरिकलाई एक/एक थान फाइवर सिरक जम्मा 50 थान र लाइट ५० पिस वितरण | 120000 |
| 337-078।03।30 | वडा नं. 2, जेष्ठ नागरिकलाई एक/एक थान ब्ल्याङ्केट जम्मा 7५ पिस वितरण | 100000 |
| 339-078।03।30 | वडा नं. 1, जेष्ठ नागरिकलाई एक/एक थान कमल जम्मा 80 पिस वितरण | 200000 |
| 09-078।03।30 | वडा नं. 5, जेष्ठ नागरिकलाई एक/एक वटा काँको थाल र कचौरा जम्मा 61 पिस वितरण | 200000 |
| 140-078।01।15 | वडा नं. 6, जेष्ठ नागरिकलाई सम्मान सिरक तथा लाठी खरिद र वितरण | 100000 |
| जम्मा | | 1570000 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **कार्यालयको प्रोफाइल तयारीको कार्य सम्पन्न**<br>गो.भौ.नं. र मिति 336-2078।03।30 वडा नं १० वडा कार्यालयको प्रोफाइल तयारीको कार्य सम्पन्न गरको भनि वडा कार्यालयको मिति 2078।03।28 को पत्रानुसार तकसेरा फाउण्डेशन प्रोफाइल तयार गरी राप्ती बहुसेवा कम्पनि प्रा.लि मा प्रोफाइल छपाई गरेवापत निम्नानुसार किताव छपाई तथा भिडियो निर्माण गरेवापत रु.498992.00 तकसेरा फाउण्डेसनलाई भुक्तानी गरेकोमा प्रोफाइल किताव तथा भिडियो दाखिला नहुनाको साथै राप्ती बहुउद्देश्यिय कम्पनि प्रा.लि. को फोटोकपी विल पेश गरेकोले सक्क्ल विल एवं छपाई किताब भिडियो पेश हुनुपर्ने रु 498880.00<br><br>सि.नं \| विवरण \| रकम (रु.)<br>1 \| किताव छपाई २००० थान \| 198880<br>2 \| भिडियो निर्माण १ वटा \| 300000<br>\| जम्मा \| 498880 | ४९८,८८० |
| ६९ | | | **घटीकर कट्टा असूल गर्नुपर्ने**<br>कार्यालयको मिति २०७९\|०२\|०९ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु १७०२४ मिति २०७९\|०२\|१० मा फछ्यौंट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो \| | |
| ७० | | | **सुत्रमा प्रविष्टी नगरेको खर्चबाट देखिएका व्यहोरा**<br>आर्थिक वर्ष 2077।078 को स्वीकृत कार्यक्रम अनुसार वडा नं ८ मा विप्रेषण सेवा संस्था स्थापनाको लागी विउ पूँजी कोष कार्यक्रम संचालनको लागी रचना वहुउद्देश्यिय सहकारी संस्था लिमिटेडको लागी रु.500000.00 गाउँपालिकाले वार्षिक २ प्रतिशत व्याज लिने गरी विउ पूँजि उपलब्ध गराएको छ । सहकारीले उक्त विउ पूँजि संचालन गर्न सहकारी संस्था स्थापना गर्दा उक्त संस्थाको संचालन विधि, प्रक्रिया सहितको परियोजना स्वीकृति वेगर विउ पूँजि दिएकोमा उक्त सहकारी संस्थाको लगानीको स्वामित्व खुल्ने प्रमाणपत्र गाउँपालिकाले प्राप्त गर्नु पर्ने रु 500000.00 | ५००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **प्रोफाइल**<br>05-2078।03।29 बाट तकसेरा फाउण्डेशनलाई १२ नं. वडा कार्यालयको प्रोफाइल तथा चिनारी तयारी शिर्षकमा २००० प्रति किताव छपाई वापत राप्ती बहुसेवा कम्पनि प्रा.लि रुकुमलाई फोटोकपी विल विजकको आधारमा रु.198880.00 भुक्तानी गरेकोले सक्कल विजक तथा प्रोफाइल पेश हुनुपर्ने रु. 198880.00 | १९८,८८० |
| ७२ | | | **सक्कल विल पेश गर्नुपर्ने**<br>गो.भौ.नं. र मिति 83-2078।03।17 वडा नं १० को नर्सिङ हिमालय भेडा पालन समुहले रु.246411.00 भेडा तथा अनुसन्धान कार्यक्रम गुटी चौर जुम्लाबाट रु.12500.00 का दरले २० वटा भेडा किनेकोमा विल नराखी रु.250000.00 को भरपाई स्रेस्ता साथ राखेको छ। दर्ता वाला फर्मबाट भेडा किन्दा विल लिएको तर समुहका अध्यक्ष श्री श्याम वुढामगरले हराएकोले भरपाई राखेको भनाइ छ। भरपाइमा उक्त रकम बुझिलिनेको नाम भेडा तथा अनुसन्धान कार्यक्रम गुटी चौर जुम्ला मोहन यादव र बुझाउनेको नाम समुह अध्यक्ष श्याम बुढामगर रहेको छ ।तसर्थ भेडा किनेको विल पेश गर्नुपर्ने र उक्त भेडा खरिद भए नभएको समेत कार्यालयले एकिन गर्नुपर्ने रु.246411.00 | २४६,४११ |
| ७३ | | | **भरपाई**<br>गो.भौ.नं. र मिति 109-2078।03।25 (22522) मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत अनटाइम मेड टेक प्रा.लि घोराही दाङको विल नं262 मिति 2078।02।21 बाट न्यानो झोला १५३ वटा मू.अ.कर सहित रु.897.00 का दरले रु.137275.00 खरिद गरी बजेट खर्च लेखेकोमा उक्त न्यानो झोला के कति वितरण भए सो को भरपाई पेश गर्नुपर्ने र वाँकी रहेको एकिन गर्नुपर्ने रु.137275.00 | १३७,२७५ |
| ७४ | | | **बढी भुक्तानी**<br>कार्यालयको मिति २०७९।०२।०९ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ५५५५ मिति २०७९।०२।१० मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो \| | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **पेश्की बाँकी**<br>गो.भौ.नं. र मिति 117-2078।03।15 (22529) कार्यक्रम संकेत नं ३४ व्यक्तिगत घटना दर्ता तथा सामाजिक र गुनासो व्यवस्थापन सम्बन्धी दर्ता सिविर सञ्चालनका लागी पञ्जिकर शाखा प्रमुख (स्वास्थ्य संयोजक) श्री समिर गिरिले रु.812000.00 पेश्की लिएकोमा हाल सम्म पनि फछ्र्योट नभएकोले (पेश्की लिएर डाटा इन्ट्रि गर्न लगाएकोले के कुन सँग सम्झौता भएको हो सो समेत प्रमाण पेश गर्नुपर्ने) पेश्की बाँकी रु. 812000.00 | |
| ७६ | | | **पोषण सामाग्रो खरिद्**<br>भौ.नं १४८ मिति 2078।03।29 बाट विशेष अनुदान कार्यक्रम अन्तर्गत १००० दिने आमाको लागी पोषण विशेष कार्यक्रम (22522) मा बजेट व्यवस्था छ । फेडरल इन्भेष्टमेन्ट प्रा.लि रुकुम पश्चिमको विल नं 102 मिति 2078।02।26 को विलानुसार मू.अ.कर बाहेक अन्डा 148 क्यारेट रु.400 का दरले रु.58000.00, तोरीको तेल १ लिटर 148 वटा रु.200.00 का दरले रु.29600.00, नुन १४८ पोका रु.20.00 का दरले रु.2960.00 सुबन लुगाधुने १४८पिस रु. 40.00 का दरले 5920.00, नुहाउने साबुन १४८ वटा रु.40.00 का दरले 5920.00 जिरा 148 पोका रु.50.00 का दरले रु.7400.00 र मेथी 148 पोका रु.34.00 का दरले रु.5032 गरी रु.114832.00 र मू.अ.कर रु.14928.16 समेत रु.129760.00 खर्च लेखेकोमा ती खरिद गरिएका सामाग्रीहरु वितरण भएको भरपाई राखेको देखिएन। वितरण गरेको भरपाई पेश हुनुपर्ने रु. 129760.00 | १२९,७६० |
| ७७ | | | **विल भरपाई भन्दा बढी भुक्तानी**<br>कार्यालयको मिति २०७९।०२।०९ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु ९६३९ मिति २०७९।०२।१० मा फछ्र्योट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो। | |
| ७८ | | | **आधारभुत तहका स्वीकृत दरवन्दी शिक्षक राहत**<br>गो.भौ.नं र मिति 153-2078।03।30(25311) आधारभुत तहका स्वीकृत दरवन्दी शिक्षक राहत अनुदान शिक्षकका लागित तलब भत्ता वापत नि.मा.वि राहत अन्तर्गत पुथा हिमालय मा.वि मैकोटका २ जना शिक्षकहरुको छुट तलव भत्ता रु.37260.00 माग फाराम विना छुट अनुदान उल्लेख गरी छुट निकासा दिएकोले छुट हुनगएको निकासा पाउनुपर्ने आधार प्रमाण र वैक लेटर समेत पेश गर्नुपर्ने रु. 37260.00 | ३७,२६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **स्ट्रक्चर अनटाइम मेडिटेचबाट खरिद**<br>गो.भौ.नं र मिति 09-2077।11।25 बाट कार्यालयले ६३ वटा स्ट्रक्चर अनटाइम मेडिटेचबाट खरिद गरी रु.472480.00 भुक्तानी गरेको छ । खरिद गरिएको स्ट्रेचरहरु ६ वटा स्वास्थ्य चौकीलाई 12 वटा वितरण गरी १४ वडा कार्यालयलाई ८८ वटा विद्यालयलाई वितरण गरी 29 वटा कार्यालयमा मौज्दात रहेको पाइयो । स्वास्थ्य संस्थामा प्रयोग हुने स्ट्रेचरहरु स्वास्थ्य चौकिहरुमा स्थान अभावका कारण राख्ने ठाउँ नभएकोले वडा कार्यालय र स्कुललाई वितरण गरी मौज्दात राख्नुपर्ने अवस्था रहेको पाइयो । मागका आधारमा मात्र खरिद गर्नुपर्नेमा बजेट खर्च गर्ने उद्वेश्यले गरिने खरिद कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । | |
| ८० | | | **ब्याट्री खरिद वापत मेरिडियन**<br>गो.भौ.नं र मिति 04-2077।09।09 Camera lance, camera stand Memory र ब्याट्री खरिद वापत मेरिडियन आइ टी प्रा.लिलाई रु.90000.00 भुक्तानी गरेकोमा उक्त सामान खरिद गर्ने कार्यक्रम नभएको साथै उक्त सामान मूख्यमन्त्री तथा ग्रामीण विकास तथा रोजगार कार्यक्रम लाई हस्तान्तरण गरेको पाइएकोले कार्यक्रम विपरीत खरिद गरी हस्तान्तरण गरेको अनियमित देखिएको रु. 90000.00 | ९०,००० |
| ८१ | | | **प्रकोप व्यवस्थापन तथा प्राथमिक उपचार तालिम**<br>गो.भौ.नं र मिति 12-2077।12।08 प्रकोप व्यवस्थापन तथा प्राथमिक उपचार तालिम वापत जि.का.स लिलामणी गौतमलाई उपलब्ध गराइएको रु.350000.00 को पेश्की फछ्यौंट गरी थप रु.150000.00 भुक्तानी गरेकोमा देहाय अनुसार पाइयो । | |
| ८१.१ | | | सार्वजनिक खरिद ऐन 2063 दफा १९ मा २० हजार भन्दा बढीको खरिद कार्य गर्दा मू.अ.करमा दर्ता भएका फर्महरुसँग कारोबार गर्नुपर्ने उल्लेख छ । मल्ल होटल रुकुमलाई खाना खाजा वापत रु.200000.00 भुक्तानी गरेकोमा उक्त फर्म मू.अ.करमा दर्ता भएको नदेखिएको रु 200000.00 | २००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१.२ | | | अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका 2075 को 7.1.15 मा स्थानिय तहले तालिम संचालन गर्दा प्रशिक्षक भत्ता वापत कक्षा लिए वापत रु.400.00 र हेन्डआउट वापत रु.1000.00 समेत रु.1400.00 लिन पाइनेमा देहायका प्रशिक्षकहरुलाई नर्म्समा उल्लेख गरेभन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु. 16675.00 | |

| प्रशिक्षकको नाम र पद | भुक्तानी हुनुपर्ने रकम | कर कट्टी पछिको भुक्तानि रकम | बढी भुक्तानि रकम रु. |
|---|---|---|---|
| स्वा.सह-संयोजक श्री संजिव खड्का | 2800 | 4250 | 1450 |
| डा श्री पुर्ण पुन | 2800 | 4250 | 1450 |
| स्वा. संयोजक समिर गिरी | 2800 | 4250 | 1450 |
| डि.एस.पी श्री सुदन आचार्य | 2800 | 4250 | 1450 |
| स.प्र.जि.अ श्री अन्जु पोखरेल | 2800 | 4250 | 1450 |
| श्री दामोदर न्यौपाने | 2800 | 4250 | 1450 |
| श्री दिपेन्द्र वानिया | 2800 | 4250 | 1450 |
| प्र.जि.अ. श्री राज कुमार राई | 2800 | 4250 | 1450 |
| नि.कार्यालय प्रमुख यादव शर्मा | 2800 | 4250 | 1450 |
| तालिम संयोजक लिलामणी गौतम | 7000 | 10625 | 3625 |
| जम्मा | 32200 | 48875 | 16675 |

हलभाडा वापत मल्ल होटललाई रु.10000.00 भुक्तानी गरेकोमा भाडा कर असुल नभएको रु. 1000.00

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **सामाग्री निर्माण व्यवसाय संचालन वापत**<br>गो.भौ.नं र मिति 23-2078।03।14 उल्लो तथा उन जन्य सामाग्री निर्माण व्यवसाय संचालन वापत जिल्ला कार्यक्रम संयोजक श्री लिलामणी गौतमलाई उपलब्ध गराएको रु.40000.00 हिथाङ्गी सिलाई मेसीन मर्म केन्द्रको विल पेश गरी पेश्की फछ्र्यौट गरेकोमा खरिद गरिएको सामानहरु व्यवसायमा आवद्ध भई कामकाज गरी रहेको एकल महिलालाई बुझाएको भर्पाई पेश नभएको रु. 400000.00 | ४००,००० |
| ८३ | | | **कार्यक्रम कार्यान्वयन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका 2077।078 को क्रियाकलाप नं.2.7.11.1 मा तोकिएको विद्यार्थीको दिवा खाजाका लागी विद्यालयलाई अनुदान अन्तर्गत स्थानिय तहले रुकुम पूर्वका स्थानिय तहले प्रति विद्यार्थी रु.15 का दरले 100 दिनको विद्यालयको खातामा रकम जम्मा गर्नुपर्ने उल्लेख छ । गाउँ पालिकाको मिति 2077।05। 25- २८ गते सम्म वसेको वैठकले विद्यालय 2077।06।10 बाट संचालन गर्ने उल्लेख भए अनुसार शिक्षा सकितिको मिति 2078।02।28 गतेको निर्णयानुसार १०० दिनको खाजा खर्च उपलब्ध गराउने निर्णय गरे अनुसार ५७ विद्यालयलाई रु.6177500.00 विद्यालयको खातामा रकम जम्मा गरेको पाइयो । स्थानिय तहले दिवा खाजा उपलब्ध गराइएका विद्यालयको विद्यार्थीको दैनिक हाजिरी पुस्तीकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संङख्या एकिन भए पश्चात अनुदान दिनु पर्ने उल्लेख भएकोमा सोको आधार प्रमाण वेगर विद्यालयलाई रकम निकासा दिएको पाइयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | **दिवा खाजा**<br>निम्नानुसारका विद्यार्थीलाई खाजा भत्ता उपलब्ध गराउदा IEMIS तथ्याङ्क का आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले खाजा भत्ता विद्यालयको खातामा जम्मा गर्दा IEMIS तथ्याङ्कमा उल्लेख गरे भन्दा बढी संङ्ख्यामा निकासा दिएकोले बढी निकासा असुल गर्नुपर्ने रु. 136000.00 | |

| विद्यालयको नाम | IEMIS तथ्याङ्क अनुसार | कार्यालयले उल्लेख गरेको निकासा सङ्ख्या | बढी सङ्ख्या | दर | रकम रु. |
|---|---|---|---|---|---|
| श्री आधारभुत विद्यालय गर | 102 | 112 | 10 | 1500 | 15000 |
| श्री बाल विकास आधारभुत विद्यालय पुनमचौतारा | 93 | 110 | 17 | 1500 | 23500 |
| श्री ज्योती आधारभुत विद्यालय फल्नै | 31 | 36 | 5 | 1500 | 7500 |
| श्री लालपाटन आधारभुत विद्यालय चुमा | 69 | 77 | 8 | 1500 | 12000 |
| श्री जनजागृती आधारभुत विद्यालय दमचन | 67 | 68 | 1 | 1500 | 1500 |
| श्री देउराली माध्यामिक विद्यालय हुकाम | 236 | 254 | 18 | 1500 | 27000 |
| श्री महेन्द्र माध्यामिक विद्यालय तकसेरा | 98 | 131 | 33 | 1500 | 49500 |
| जम्मा | 696 | 788 | 92 | | 136000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८५ | | | **बाल विकास केन्द्र**<br>बाल विकास केन्द्र लाई बुक कर्नर शिर्षकमा IEMIS तथ्याङ्कमा उल्लेखित सङ्ख्या भन्दा देहायका विद्यालयहरुलाई बढी सङ्ख्यामा निकासा दिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु. 12500.00 | |

| वाल विकास केन्द्रको नाम | IEMIS तथ्याङ्क अनुसार दिनुपर्ने रकम | निकासा सङ्ख्या | बढी सङ्ख्या | दर | रकम रु. |
|---|---|---|---|---|---|
| श्री जनज्योति मा.वि. | 22 | 28 | 6 | 500 | 3000 |
| श्री आधारभुत विद्यालय गर | 22 | 27 | 5 | 500 | 2500 |
| श्री पुथा हिमालय मा.वि मैकोट | 32 | 40 | 8 | 500 | 4000 |
| श्री बालविकास केन्द्र खराङ | 24 | 25 | 1 | 500 | 500 |
| श्री बालविकास केन्द्र गराली | 24 | 25 | 1 | 500 | 500 |
| श्री बालविकास केन्द्र मृगफाल्ने | 13 | 14 | 1 | 500 | 500 |
| श्री बालविकास केन्द्र चक्टेचौर | 12 | 15 | 3 | 500 | 1500 |
| जम्मा | 149 | 174 | 25 | | 12500 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८६ | | | **कोभिड १९ का कारणले उत्पन्न परिस्थितिमा सिकाई सहजिकरण**<br>कोभिड १९ का कारणले उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणको लागी पूर्व प्राथामिक देखि कक्षा १२ सम्मका विद्यार्थि संङ्क्या एकिन गरी प्रति विद्यार्थि रु.200.00 का दरले हिसाव गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने उल्लेख छ । कार्यालयले देहायका विद्यार्थिहरुलाई IEMIS तथ्याङ्कमा उल्लेख गरे भन्दा बढी संङ्ख्यामा विद्यार्थी उल्लेख गरी विद्यालय लाई निकासा दिएको रकम असुल गर्नुपर्ने रु. 149400.00 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सि.नं | विद्यालयको नाम | IEMIS तथ्याङ्कमा | निकासा दिनुपर्ने रकम रु. | निकासा रकम | बढी निकासा रु. | | |
| | | | | 1. | श्री आदर्श आ.वि. डिमुरगैरा | 38 | 7600 | 13600 | 6000 | | |
| | | | | 2. | श्री जनज्योति मा.वि. जाङ | 226 | 45200 | 50800 | 5600 | | |
| | | | | 3. | श्री आधारभुत विद्यालय काजरजङ | 52 | 10400 | 15000 | 4600 | | |
| | | | | 4. | श्री जनजागृति आ.वि. मयाङ | 216 | 43200 | 50400 | 7200 | | |
| | | | | 5. | श्री आ .वि. फुलबाङ | 18 | 3600 | 4800 | 1200 | | |
| | | | | 6. | श्री आ .वि. गर | 80 | 16000 | 21400 | 5400 | | |
| | | | | 7. | श्री आदर्श मा.वि. खारावाङ | 286 | 57200 | 62200 | 5000 | | |
| | | | | 8. | श्री वालविकास आ.वि.पुनमचौतारा | 68 | 13600 | 17200 | 3600 | | |
| | | | | 9. | श्री डिग्रे आधारभूत विद्यालय पानीचौर | 53 | 10600 | 14000 | 3400 | | |
| | | | | 10. | श्री जनसहयोग मा.वि.रीवाङचौर | 328 | 65600 | 67600 | 2000 | | |
| | | | | 11. | श्री सानोभेरि आ.वि.खारखोला | 105 | 21000 | 24400 | 3400 | | |
| | | | | 12. | श्री हिमालय आ.वि. ओख्मा | 160 | 32000 | 35400 | 3400 | | |
| | | | | 13. | श्री जनसेवा आ.वि.गोलखाडा | 47 | 9400 | 13600 | 4200 | | |
| | | | | 14. | श्री आ.वि. पदमि | 17 | 3400 | 6600 | 3200 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 15. | श्री सिद्धमण्डली मा.वि. राङ्सि | 377 | 75400 | 78200 | 2800 | | |
| | | | | 16. | श्री आधारभूत विद्यालय रन्मामैकोट | 165 | 33000 | 37800 | 4800 | | |
| | | | | 17. | श्री हिमालय आ.वि. पेल्मा | 139 | 27800 | 31800 | 4000 | | |
| | | | | 18. | श्री पवर्त मा.वि. कोल | 387 | 77400 | 81600 | 4200 | | |
| | | | | 19. | श्री देउराली मा .वि. हुकाम | 384 | 76800 | 81600 | 4800 | | |
| | | | | 20. | श्री सुन्दर आ.वि. बिर्गुम | 34 | 6800 | 9600 | 2800 | | |
| | | | | 21. | श्री ज्योती आ.वि. फल्नै | 19 | 3800 | 5600 | 1800 | | |
| | | | | 22. | श्री दुर्गा आ.वि.गर्खानि | 37 | 7400 | 11400 | 4000 | | |
| | | | | 23. | श्री जनज्योती आ.वि.घुन्माखोला | 68 | 13600 | 17600 | 4000 | | |
| | | | | 24. | श्री जनप्रिय आ.वि.घुम्लीवाङ | 85 | 17000 | 21000 | 4000 | | |
| | | | | 25. | श्री जनता आ.वि.पुषरगाउँ | 52 | 10400 | 12800 | 2400 | | |
| | | | | 26. | श्री दशरत आ.वि.तुँपा | 51 | 10200 | 15800 | 5600 | | |
| | | | | 27. | श्री हिमालय जनजागृती आ.वि. बाच्छीगाउँ | 133 | 26600 | 31200 | 4600 | | |
| | | | | 28. | श्री उत्तरगंगा आ.वि. सेरावालुवा | 118 | 23600 | 26000 | 2400 | | |
| | | | | 29. | श्री पुथा हिमालय मा.वि. मैकोट | 432 | 86400 | 94400 | 8000 | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 30. | श्री जनता आ.वि. तल्लोसेरा | 27 | 5200 | 6600 | 1400 | | |
| | | | | 31. | श्री जनजागृति आ .वि पिपलटुङ | 53 | 10400 | 13000 | 2600 | | |
| | | | | 32. | श्री आधारभूत विद्यालय अर्जल | 118 | 23600 | 27400 | 3800 | | |
| | | | | 33. | श्री आधारभूत विद्यालय नाखा | 102 | 20400 | 24000 | 3600 | | |
| | | | | 34. | श्री महेन्द्र मा.वि.तकसेरा | 460 | 92000 | 95800 | 3800 | | |
| | | | | 35. | श्री बालकल्याण आ.वि. घरेलिटाकुरा गुङ | 66 | 13200 | 14200 | 1000 | | |
| | | | | 36. | श्री लालपाटन आ.वि.चुमा | 55 | 11000 | 14000 | 3000 | | |
| | | | | 37. | श्री नेपाल राष्ट्रिय आ.वि. घुर्वाङ | 32 | 6400 | 8000 | 1600 | | |
| | | | | 38. | श्री जनजागृति आ.वि. दमच्न | 50 | 10000 | 12000 | 2000 | | |
| | | | | 39. | श्री आ.वि. हार्दिवाङ | 41 | 8200 | 11200 | 3000 | | |
| | | | | 40. | श्री वालकल्याण आ.वि.काँडा | 44 | 8800 | 12000 | 3200 | | |
| | | | | 41. | श्री आधारभुत विद्यालय झार्लुङ | 24 | 4800 | 6800 | 2000 | | |
| | | | | 42. | जम्मा | 5247 | 1049000 | 1198400 | 149400 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८७ | | | **स्तरिय बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत खाद्य सुरक्षा**<br>गो.भौ.नं 66 मिति 2078।03।13 वडा स्तरिय बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत खाद्य सुरक्षा निर्देशक समितीको वैठकका लागी पोषण विज्ञ संयोजक श्री विष्णु मल्लको लिएको रु.126000.00 पेश्की फछ्यौंट गरेकोमा सहभागीलाई भुक्तानि गर्दा कट्टा गरेको कर रु.14175.00 दाखिला भएको प्रमाण पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु. 14175.00 | |
| ८८ | | | **कृषि उत्पादन केन्द्र पकेट क्षेत्र विकास कार्यक्रम**<br>गो.भौ.नं 102 मिति 2078।03।22 कृषि उत्पादन केन्द्र पकेट क्षेत्र विकास कार्यक्रम अन्तर्गत भूमे कृषक समुहलाई रु.1184000.00 भुक्तानी गरेको पाइयो । भूमे कृषक समूहले रु.2111000.00 प्रस्तावना पेश भई कार्यालयले रु.1200000.00 कृषक समूहले रु.911000.00 भुक्तानीगर्ने गरी मिति 2078।01।10 मा सम्झौता भएको छ । सम्झौताको शर्तमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेपछी तथा बैठक बाट खर्च अनुमोदन भएपछि रकम निकास गर्ने उल्लेख छ । कार्यालयले कार्य सम्पन्न प्रतिवेदन तयार नगरी तथा बैठकबाट खर्च अनुमोदनको प्रमाण वेगर रकम निकासा गरेको पाइयो। साथै उक्त योजना कृषक समूहलाई हस्तान्तरण समेत गरेको पाइएन । | |
| ८९ | | | **भेडा पालन खर्च**<br>शसर्त वित्तिय हस्तान्तरणका कार्यक्रमहरुको प्राविधिक कार्य संचालन र व्यवस्थापन मार्गदर्शन 2077 को लागत साझेदारीको बुदा ४ मा अनुगमन गर्नुपर्ने तथा पशुपन्छी प्रवर्द्धनको बुदा ५ मा विमा गर्नुपर्ने उल्लेख छ । कार्यालयले भेडा पालन 10 वटा कृषक समूहलाई रु.40 लाख भुक्तानी गरेकोमा खरिद गरिएका भेडाहरुको विमा गरेको पाइएन । भने कार्यालयले अनुगमन समेत गरेको पाइएन । खरिद गरिएका भेडाहरु स्वास्थ्यको हिसाबले ठिक रहे नरहेको पशु प्राविधिकको प्रतिवेदन पेश गरेको छैन । मार्गदर्शनमा उल्लेखित प्रावधान अनूरुप भेडा बाख्राहरुको वीमा गरी अनुगमनलाई प्रभावकारी बनाइ तोकिएको उद्देश्य प्राप्त गर्न कार्यालयले प्रयत्न गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९० | | | **अनुदानमा फलफूलका वेर्ना खरिद**<br>गो.भौ.नं 4 मिति 2077।12।04 ७५ प्रतिशत अनुदानमा फलफूलका वेर्ना खरिद वापत एन्जल फलफूल उत्पादन नर्सरीको रु.498960.00 को विल पेश भएको छ । ७५ प्रतिशत अनुदानमा फलफूलको विरुवा खरिद वापत कार्यालयले कृषक समूहलाई खरिद विलको रु.374220.00 भुक्तानी गर्नुपर्नेमा यस विलबाट रु.285560.00 र भौचर नं 5 मिति 2077।12।04 बाट रु.100000.00 समेत रु. 385560.00 भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.11340.00 असुल हुनुपर्ने देखिएको रु. 11340.00 | |
| ९१ | | | **पारीश्रमिक कर**<br>आयकर ऐन 2058 को दफा ८७ को अनुसुची १ बमोजिम कर योग्य आय हुने पदाधिकारी तथा कर्मचारीको तलब भत्ता भक्तानी गर्दा पारिश्रमिक कर गणना गरी अग्रिम कर कट्टा गर्नुपर्ने उल्लेख छ । निम्नानुसार कर्मचारीलाई मिति २०७७ श्रावण महिना देखि २०७८ आषाढ महिनासम्मको तलब भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर कट्टा गरेको देखिएन । निम्नानुसार वार्षिक आयमा छुट पाउने खर्च कटाई लाग्ने पारिश्रमिक कर असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु. 91301.40 | |

| कर्मचारीको नाम | कुल वार्षिक आय | कुल छुट | करयोग्य आय | कर रकम |
|---|---|---|---|---|
| ज.स्वा नि. श्री वशिष्ट नारायण यादव | 927360 | 560948 | 366412 | 49923.6 |
| रोजगार संयोजक श्री अनिता भुसाल | 649990 | 500000 | 144990 | 18998 |
| अ.न.मी श्री भागी मल्ल | 626380 | 545192 | 81188 | 8118.8 |
| ल्या.अ. श्री रण बहादुर वि.क | 648968 | 545247.5 | 103720.2 | 10744 |
| का.स श्री सन्तबहादुर बुढा | 576112 | 540936.8 | 35175.2 | 3517 |
| जम्मा | 3428810 | 2692324.3 | 731485.4 | 91301 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९२ | | | **राजस्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद समेत एकीन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ९३ | | | **आन्तरिक आय**<br>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ दफा २७ बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट मालपोत, सिफारिस, पञ्जिकरण, नगदी लगायतका शिर्षकमा आन्तरिक आम्दानी गरेकोमा नगदी रसिद नियन्त्रण खाता राखेको देखिएन । कार्यालयले म.ले.प. फारमहरुको अवलम्बन नगरी आम्दानी जनाएकोले वास्तविक आम्दानी यकिन गर्न सकिने देखिदैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले असुल भएको रकम हिनामिना समेत हुने संभावना देखिएकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्न फारमहरु अनिवार्य प्रयोग गरी राजस्वको लेखा राख्नुपर्ने देखिन्छ ।<br>— नगदी प्राप्ति रसिद म.ले.प फाराम नं. १०१<br>— दैनिक राजश्व ÷ आम्दानी खाता म.ले.प फाराम नं. १०२<br>— राजश्व ÷ आम्दानीको शिर्षकगत खाता म.ले.प फाराम नं. १०४<br>— राजश्व आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५<br>— राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६<br>— राजश्व आम्दानीको दैनिक बैँक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७<br>— राजश्व आम्दानीको बैँक नगदी किताब म.ले.प. फा.नं. १०८ | |
| ९४ | | | **कार्यालयले रसिद नियन्त्रण खाता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यालयले रसिद नियन्त्रण खाता तयार गरेको छैन । माग गरिएको विवरण अनुसार आ.व. को अन्त्य पछि ३ महिना वितिसक्दा पनि वडाबाट तपशिल बमोजिमका रसिद नं का ठेलीहरु गाउँपालिकामा फिर्ता नगरेकोले के कति रसिद काटियो के कति राजश्व रकम असुली भयो र के कति रसिद ठेलीहरु बाँकी छन् एकिन गर्न सकिएन । वडा मा निकासा भएका रसिद ठेलीहरु एकिन गरी सो बाट असुली राजश्व दाखिला गर्नुपर्दछ । कार्यालयले उपलब्ध गराएको ठाडो विवरण अनुसार तपशिल बमोजिमका ४९ ठेली नगदी र 23 ठेली मालपोत गरी जम्मा 72 वटा रसिद ठेलीहरु वडाबाट फिर्ता नगरेको देखियो । | |

| वडा नं | बुझिलिनेको नाम | नगदी रसिद नं | | | मालपोत रसिद नं | | |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | ठेली सङ्ख्या | देखि | सम्म | ठेली सङ्ख्या |
| 1 | कार्यालय सहायक श्री अभिमान नेपाली | 1001 | 1050 | 1 | 0 | 0 | 0 |
| | | 3251 | 3300 | 1 | | | |
| | | 3451 | 3500 | 1 | | | |
| 2 | कार्यालय सहायक श्री जयमान पुन | 151 | 200 | 1 | 1801 | 1900 | 2 |
| | | 251 | 400 | 3 | 2901 | 2950 | 1 |
| | | 501 | 550 | 1 | 3101 | 3150 | 1 |
| | | 750 | 800 | 1 | 3701 | 3800 | 2 |
| | | 1801 | 1850 | 1 | | | |
| | | 1951 | 2000 | 1 | | | |
| | | 2701 | 2800 | 2 | | | |
| | | 4151 | 4200 | 1 | | | |
| 3 | कार्यालय सहायक श्री प्रभु बुढा | 1251 | 1350 | 2 | 1001 | 1100 | 2 |
| | | 2551 | 2600 | 1 | | | |
| | | 3951 | 4000 | 1 | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 4 | कार्यालय सहायक श्री विरबल बुढा | 2801 | 2900 | 2 | 301 | 350 | 1 | | |
| | | | | | | | | | 1451 | 1500 | 1 | | |
| | | | | 6 | कार्यालय सहायक श्री अर्जुन सेन | 1101 | 1150 | 1 | 4501 | 4600 | 2 | | |
| | | | | | | 1951 | 2050 | 2 | | | | | |
| | | | | | | 4251 | 4300 | 1 | | | | | |
| | | | | 7 | कार्यालय सहायक श्री तेलन घर्ती | 2501 | 2550 | 1 | 2301 | 2400 | 2 | | |
| | | | | | | 2751 | 2800 | 1 | | | | | |
| | | | | | | 3701 | 3750 | 1 | | | | | |
| | | | | | | 3801 | 3850 | 1 | | | | | |
| | | | | | | 4851 | 4900 | 1 | | | | | |
| | | | | 8 | कार्यालय सहायक श्री हिमाल सेन | 3001 | 3050 | 1 | | | | | |
| | | | | | | 3301 | 3350 | 1 | | | | | |
| | | | | | | 3401 | 3450 | 1 | | | | | |
| | | | | | | 4901 | 4950 | 1 | | | | | |
| | | | | 9 | कार्यालय सहायक श्री विरवल रोका | 2401 | 2550 | 3 | | | | | |
| | | | | | | 3201 | 3300 | 2 | | | | | |
| | | | | 11 | कार्यालय सहायक श्री राजेन्द्र बुढा | 401 | 450 | 1 | 1301 | 1400 | 2 | | |
| | | | | | | 2051 | 2100 | 1 | 1901 | 1950 | 1 | | |
| | | | | | | 3551 | 3600 | 1 | 2501 | 2550 | 1 | | |
| | | | | | | 4101 | 4150 | 1 | | | | | |
| | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | 4301 | 4350 | 1 | | | | | |
| | | | | | | 4551 | 4600 | 1 | | | | | |
| | | | | | | 4801 | 4850 | 1 | | | | | |
| | | | | 14 | कार्यालय सहायक श्री रथ पुन | 501 | 550 | 1 | 1501 | 1750 | 5 | | |
| | | | | | | 651 | 700 | 1 | | | | | |
| | | | | | | 2301 | 2350 | 1 | | | | | |
| | | | | | | 3701 | 3750 | 1 | | | | | |
| | | | | | जम्मा | | | 49 | | | 23 | | |
| | | | माथी उल्लेखित नगदी र मालपोत रसिद ठेलीबाट के कति राजश्व असुल गरी दाखिला गरेको छ कार्यालयले ठेली प्राप्त गरी छानविन गरी घटी राजश्व दाखिला असुल गर्नुपर्दछ । | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागी अनुरोध गरेको छैन । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| 304302 | - | 304302 |

**अद्यावधिक वेरुजु** - यस पालिकाको २०७7।७8 सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ:-

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 304302 | - | 41051 | - | 345353 |